

# दोर्दी-१ जलविद्युत खबर

निर्माणाधीन क्याम्प हाउस

माघ २०७३, अंक २

## आयोजनाको हालको निर्माण अवस्था

आयोजनाको क्याम्प हाउस बनाउने कार्य अन्तिम चरणमा पुगेको छ । क्याम्प हाउसको लागि आवश्यक पर्ने बिजुली बत्ती, खानेपानी धाराको व्यवस्था भइसकेको छ । हेडवर्कस स्थल र पावरहाउस सम्म पुग्ने बाटो निर्माण कार्य सम्पन्न भइसकेको छ । यस्तै, सर्ज ट्याङ्क सम्म पुग्ने बाटो निर्माण कार्य भइरहेको छ ।

दोर्दी खोला जलविद्युत कम्पनीले १०.३ मेगावाट बाट थप १.७ मेगावाट जडित क्षमता वृद्धिको लागि विद्युत विकास विभागलाई कम्पनीले प्रस्तुतिकरण दिइसकेको छ । यस्तै, हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलको टेन्डर डकुमेन्ट तयार भइसकेको छ ।




स्काभेटर द्वारा काम सुरु



मुख्य सडक देखि क्याम्प हाउस सम्मको पहुँच मार्ग



सर्ज ट्याङ्क सम्म पुग्ने पहुँच मार्ग

जिल्ला वन कार्यालय लमजुङ्ग बाट सरकारी वन क्षेत्रको रुख काट्ने अनुमति प्राप्त गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । सरकारी जग्गा भाडामा लिने तयारी अन्तिम अवस्थामा पुगेको छ । १३२ के.भी प्रसारण लाइनको प्रारम्भिक वातावरणीय मूल्याङ्कनको TOR स्वीकृतिको लागि विद्युत विकास विभाग लाई कम्पनीले प्रस्तुतीकरण दिइसकेको छ । त्यस्तै, आयोजनाको पावर हाउस बन्ने स्थल समथर बनाइसकिएको छ । आयोजनाको विस्तृत भौगोलिक सर्भे भइसकेको छ।




पावर हाउस देखि टेलरेस सम्म बाटो निर्माण गरिदै



दोर्दी खोला



आयोजनाको क्याम्प हाउस


**सम्पादक: पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन न: ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**